# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं कार्तिक २७ गते २०१३ साल [संख्या १८


## कानून तथा संसदीय प्रबन्धमन्त्रालय

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

## २०१३ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली बिराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज 'महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## प्राचीन स्मारक संरक्षण ऐन, २०१३

प्राचीन स्मारक र पुरातत्त्वसम्बन्धी ऐतिहासिक वा कलात्मक बस्तुहरूको संरक्षणको निमित्त बनेको ऐन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

प्रस्तावना प्राचीन स्मारकहरूको संरक्षण, पुरातत्वसम्बन्धी वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाई समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्वसम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि र संरक्षण समेत गर्नु पर्ने उचित तथा आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

छोटकरी नाम, १ [१] यस ऐनको–"नाम प्राचीन स्मारक संरक्षण ऐन, २०१३" रहेको छ।

विस्तार तथा प्रारम्भ [२] यो ऐन नेपाल भर मुलुकमा तुरून्त लागू हुनेछ।

परिभाषा २ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:—

[क] 'प्राचीन स्मारक' भन्नाले ऐतिहासिक, पुरातत्वसम्बन्धी वा कलात्मक महत्वको कुनै देवालय, भवन, शालीक मूर्ति, वन्दीखाना, गुफा र ढुङ्गा, धातु, काठ, हस्ति-हाड इत्यादिको वस्तु, कलासम्बन्धी वस्तु, पौवा हाताम्रपत्र, शिलापत्र, भूजापत्र, ताडपत्र र खम्बासमेत सम्झनुपर्छ र सो शब्दले स्मारक रहेको ठाउँ-समेतलाई जनाउँछ।

[ख] 'पुरातत्वसम्बन्धी' वस्तु भन्नाले ऐतिहासिक, पुरातत्वसम्बन्धी वा कलात्मक महत्व भएका कारणले हानि नोक्सानी वा यता उति हटाउन वा चलपत्र हुनबाट बचाउन पर्ने भनी सरकारले ठानेको कुनै चल वा अचल वस्तुसमेत सम्झनुपर्छ।

[ग] 'पुरातत्व अफिसर' भन्नाले यस ऐनबमोजिम पुरातत्व अफिसरले पाउने अधिकार तथा गर्नु पर्ने कर्तव्य पाउने तथा गर्ने गरी सरकारबाट नियुक्त भएको कुनै अफिसर सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८६

[घ] "हेरचाह" भन्नाले संरक्षित स्मारकलाई बार्ने, ढाक्ने, मरमत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी स्मारकलाई दुरूस्त राख्ने काम सम्झनुपर्छ ।

[ङ] "स्थानीय हाकिम" भन्नाले मैजिष्ट्रेट भएको ठाउँमा मैजिष्ट्रेट र मैजिष्ट्रेट नभएको ठाउँमा बडाहाकिम सम्झनुपर्छ ।

**सरकारले कुनै प्राचीन स्मारकलाई संरक्षित घोषित गर्ने र दुनियांले उजुर गर्ने अवधि**

३. [१] सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी कुनै प्राचीन स्मारकलाई यो ऐनको तात्पर्यका लागि संरक्षित स्मारक भनी घोषित गर्न सक्नेछ ।

[२] उपदफा [१] मा लेखिएबमोजिमको सूचनामा सो प्रकाश भएको मितिले ३५ दिनभित्र चित्त नबुझेका कुराहरूमा सरकारछेउ आएका उजुरीहरूमा विचार गरिनेछ भन्ने कुराको उल्लेख हुनुपर्छ र त्यस्तो सूचनाको १ प्रति प्राचीन स्मारक भएको मुख्य ठाउँमा र १ प्रति सो ठाउँ नजिकैको बस्तीमा सबैले देख्ने ठाउँमा समेत टाँस्नुपर्छ ।

[३] सो ३५ दिनको अवधि बितेपछि उजुरीहरूको विचार गरी सरकारले सूचना फिर्ता लिन वा जारी राख्न सक्नेछ ।

**प्राचीन स्मारक सरकारले दुनियांसँग किन्न वा आफ्नो संरक्षणमा राख्न सक्ने**

४. [१] संरक्षित भनी घोषित गरिएको कुनै प्राचीन स्मारक कानूनी तरीकाबाट रैती दुनियांको निजी सम्पत्ति भैरहेकोमा सरकारले त्यस्ता धनीसँग कुरा मिलाई पंचकीर्ति मोलमा किन्न वा आफ्नो संरक्षणमा राख्न सक्नेछ ।

[२] कुनै संरक्षित प्राचीन स्मारकको धनीले मोल नलिई त्यसै दिएमा पुरातत्व अफिसरले लिई सरकारमा सूचना दिई सरकारी प्राचीन स्मारकमा दर्ता गरी राख्ने गर्नुपर्छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

सरकारको पूर्व स्वीकृति लिई पुरातत्व अफिसरले प्राचीन स्मारकका धनीहरूको जिम्मावारीको कागज गराउन पाउने.

५. [१] सदर मोफसलका कुनै जिल्लामा भएको संरक्षित प्राचीन स्मारकको स्थायी बचाउको निमित्त सरकारको पूर्व स्वीकृति लिई पुरातत्व अफिसरले वा मिजले खटाएका व्यक्तिले सो प्राचीन स्मारकका धनीहरूसँग जिम्मावारीको कागज गराउन सक्तछ। त्यस्तोमा प्राचीन स्मारकका धनीले सो कागज गरी नदिएमा स्थानीय हाकिमलाई सो प्राचीन स्मारकको सुरक्षा गरी गराई त्यसका धनी र त्यस ठाउँका जिमिदार, पटुवारी, मुखिया, जिम्मावाल, तालुकदार सरकारी चिताईदारबाट समेत उपदफा [२] मा लेखिएबमोजिमको जिम्मावारीको कागज गराई पठाइदिनु भनी लेखी पठाउनुपर्छ र त्यस्तो लेखी आएमा स्थानीय हाकिमले पनि सोबमोजिम गर्नु गराउनुपर्छ।

[२] उपदफा [१] मा लेखिएबमोजिमको जिम्मावारीमा देहायका कुराहरू र उचित देखिएका अरू कुराहरू समेत पार्नु पर्छ:—

[क] स्मारकको हेरचाह।

[ख] स्मारकको जिम्मा र त्यसको पालोपहरा गर्ने व्यक्तिको कर्तव्य।

[ग] स्मारकका धनीले त्यसलाई भत्काउने, हटाउने, परिवर्तनगर्ने विरूप गर्ने सरकारबाहेक अरूलाई हस्तान्तर गर्ने वा स्मारकको नजिकमा अरू कुनै स्मारक खडा गर्ने कुरामा बन्देज।

[घ] जनता वा सरकारलाई वा मालधनीले खटाएका व्यक्तिलाई स्मारकको संरक्षण वा निरीक्षण गर्नको निमित्त जाने आउने सुविधा।

[ङ] स्मारक रहेको जग्गाजमीन बेच्न परेमा पंचकीर्ति मोलमा सरकारलाई दिनुपर्ने।

[च] कबूलियतबाट उठेको झगडा हेर्नको निमित्त सरकारबाट अधिकारी नियुक्त हुने।

आधिकारिकता ग्रहण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**स्थानीय हाकिमले आफ्नो इलाकामा रहेको पुरातत्व सम्बन्धी वस्तुहरूको विवरण दिने.**

६. सदर मोफसलका सबै ठाउँका स्थानीय हाकिमले आफ्नो इलाकामा रहे भएको पुरातत्व सम्बन्धी वस्तुहरूको पत्ता लगाई सो वस्तुको संरक्षणका निमित्त पुरातत्व अफिसरलाई सबै विवरण खोली लेखी पठाउनुपर्छ।

**दुनियांको कब्जामा रहेको प्राचीन स्मारक इत्यादिको संरक्षण नगरेमा जफत गर्ने अधिकार**

७. [१] कुनै स्थानमा रहेका प्राचीन स्मारकहरू वा पुरातत्व सम्बन्धी वस्तुहरू मालधनीका लापरबाहीले भत्की बिग्री नोक्सान पर्न गएको वा नोक्सान पारेको देखिएकोमा वा त्यहांका वस्तुहरू हिनामिना हुन गई राष्ट्रिय हानि हुने सम्भावना देखिएकोमा सरकारले सुरक्षा गर्नु पर्ने आवश्यक सम्झेमा ती प्राचीन स्मारक वा पुरातत्वसम्बन्धी वस्तुहरू माल धनीबाट विना मोलमा लिई राष्ट्र धनको संरक्षण नगरेबापत तत्सम्बन्धी गुठीसमेत जफत गरी सरकारी गुठीमा दर्ता गरी सो स्थानमा वस्तुको संरक्षण गर्न सक्छ।

[२] उपदफा [१] बमोजिम सरकारबाट विना मोलमा लिइसकेको वस्तुहरूको सदुपयोग तथा संरक्षण गरी राख्छु भनी साबिक मालधनीले वा अरू कसैले लिन आएमा सो वस्तुहरू निजले संरक्षण गरी राख्नेछ भन्ने सरकारलाई लागेमा जो चाहिने कागज गराई सो राख्न दिन हुन्छ।

**प्राचीन स्मारकको बचाउको लागि जमीन खन्न नदिने**

८. प्राचीन स्मारकको बचाउ तथा हिफाजतको निमित्त सो ठाउँ वरीपरी, सुरुङ बनाउने, वा बारुद हाली जमीन फोर्ने इत्यादि काममा नियन्त्रण गर्नु पर्छ भन्ने सरकारको विचारमा लागेमा सूचनाद्वारा सो ठाउँको चारकिल्ला तोकी सरकारले सोबमोजिमको नियन्त्रण गर्न सक्छ।

**तीर्थ स्थान तथा देवालयहरूको बचाउ**

९. यस ऐन बमोजिम सरकारको हेरचाहमा रहेको वा पुरातत्व सम्बन्धी वा ऐतिहासिक महत्वको तीर्थ स्थान वा देवालयलाई दुरुपयोग वा त्यसमा कुनै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किसिमको वेहिसाब हुन गर्न नदिने जो चाहिने प्रबन्ध सरकारले गर्न सक्छ।

**प्राचीन ऐतिहासिक कलात्मक वा धार्मिक महत्वको स्थानमा प्रवेशगर्न पाउनेअधिकार**

१० सरकारको वा रैती दुनियांको हेरचाहमा रहेको जुनसुकै प्राचीन ऐतिहासिक, कलात्मक वा धार्मिक महत्वको स्थानमा कसैले प्रवेश गर्न चाहेमा सम्बन्धित व्यक्तिको धार्मिक भावना वा चली आएको रीति स्थितिमा आघात नपुऱ्याई प्रवेश गर्न पाउँछ।

**अनुचित किसिमसँग रोकेमा जरिवाना**

११ दफा १० मा उल्लेख भएको स्थानमा प्रवेश गर्न नदिई अनुचित किसिमसँग रोक तोक गरेमा रु २० सम्म जरिवाना हुनेछ।

**प्राचीन स्मारकलाई हानि पुऱ्याएमा सजाय**

१२. यस ऐनबमोजिम सरकारका कब्जामा रहेको वा दफा ५ बमोजिम जिम्मावारीको कागज भएको कुनै प्राचीन स्मारकलाई नष्ट गरे, भत्काए,हटाए, परिवर्तन गरे, विरुप पारे,अनधिकृत काममा लगाए वा अरू कुनै किसिमसँग हानिनोक्सानी पुऱ्याएमा रु १००० सम्म जरिवाना वा१ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

**ऐतिहासिक पुरातत्व सम्बन्धी वा कलात्मक वस्तु सार फेर वा निकासी गर्न नदिने अधिकार**

१३. [१] सरकारबाट नेपाल गजेटमा सूचना प्रकाश गरी तोकेको ऐतिहासिक पुरातत्व सम्बन्धी वा कलात्मक वस्तु नेपालबाट विदेश निकासी गर्न वा नेपालभित्र पनि एक ठाउबाट अर्को ठाउँमा लैजान हुँदैन, सरहदभित्र पनि एक ठाउँबाट अर्को ठाउँमा लैजानु परे सरकारको स्वीकृति लिई लैजानुपर्छ भनी सरकारले मनाही गर्न वा प्रतिबन्ध लगाउन सक्छ।

[२] उपदफा [१] अन्तर्गत प्रकाशित सूचनाको बखिलाप गरी कसैले त्यस्तो माल निकासी गरेमा यता उता लगेमा वा सो गर्न उद्योग गरेमा माल फेला परे जफत भई रु५००० सम्म जरीवाना वा डेढ वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

२५० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**नोक्सानी वा हिनामिना हुने सम्भव भएमा बेचन कर लगाई सरकारले खरीद गर्न सक्ने**

१४. दफा १३ [१] अन्तर्गतको सूचनामा उल्लिखित कुनै बस्तु नोकसानी वा हिनामिना हुने सम्भावना देखेमा त्यस्तो बस्तु पञ्चकीर्ति मोलमा बेचन कर लगाई सरकारले खरीद गर्ने आदेश दिन सक्छ ।

**निरीक्षण गर्ने र संरक्षण गराउने पुरातत्वअफिसरको अधिकार**

१५. पूजा गरी आएका तीर्थ स्थानका देवदेवताहरू उचित किसिमसँग राखे नराखेको निरीक्षण गरी सोबमोजिम नराखेको देखिएमा चाहिने संरक्षण गराउने पुरातत्व अफिसरलाई अधिकार हुनेछ ।

**सरकारबाट इजाजत नलिई खनाई गरे गराएमा सजाय**

१६. सरकारबाट इजाजत नलिई व्यक्ति वा संस्थाले प्राचीन स्मारक भएको वा देखिन आएको ठाउँमा खनाईको काम गरे गराएमा रु५००० सम्म जरिबाना वा डेढ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

**कुनै इलाकालाई सुरक्षित स्थान भनी सरकारले सूचना गर्ने अधिकार**

१७. [१] पुरातत्वसम्बन्धी बस्तुहरूको अनुसन्धानको हितका लागि सो बस्तुहरू खोज्ने खोदाई गर्ने काममा नियन्त्रण गर्न वा प्रतिवन्ध लगाउनुपर्छ भन्ने सरकारलाई लागेमा सरकारले चारकिल्ला तोकी कुनै इलाकालाई सुरक्षित स्थान भनी सूचना जारी गर्न सक्छ ।

[२] उपदफा (१) बमोजिम कुनै इलाकालाई सुरक्षित स्थान भनी सूचना जारी गरेपछि सरकाले त्यस स्थानका जग्गाधनी वा जग्गावालसँग खनाई खोदाईका निमित्त जो चाहिने बन्दोवस्त मिलाई पर्ने घर जग्गाको मनासिबमाफिकको क्षतिपूर्ति गर्नेछ। त्यसपछि पुरातत्व अफिसर वा निजले खटाएको व्यक्ति गई खनाई खोदाईको काम गर्ने गराउने छन् र सो स्थानमा खोज्दा खन्दा पाएका सबै बस्तुहरू सरकारको हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[३] उपदफा(२)मा लेखिएबमोजिम सुरक्षित स्थानमा गरिने कामकारवाईमा कसैले बाधा पुऱ्याएमा सरकारलाई हर्जाना तिर्नु पर्नें छ औ. रु. ५०० सम्म जरीवानाको पनि भागी हुने छ ।

यस ऐनबमोजिम काम गर्नें सरकारी कर्मचारीकोवचाउ — १८ यस ऐनले दिएको अधिकारबमोजिम यसल नियतले गरेको कुनै कामका लागि कुनै सरकारी कर्मचारी उपर हर्जनाको वा कुनै किसिमको मुद्दा कुनै अड्डा अदालतमा चल्न सक्तैन ।

मुद्दा मामिला हेर्नें लधिकार क्षेत्र — १९. यस ऐन अन्तर्गतका मुद्दा मामिला जिल्ला अदालतले हेर्नेछ ।

यसमा लेखिएको मा यसै बमोजिम गर्नें । — २०. यस ऐनमा लेखिएकोमा यसैबमोजिम र अरू भईरहेको कानूनबमोजिम गर्नु पर्छ ।

नियम बनाउने अधिकार — २१. यसऐनको उद्देश्य कार्यान्वित गर्न सरकारले नियम बनाउन सक्नेछ ।

इति संवत् २०१३ साल गते रोज शुभम् ।

लालमोहर सदर मिति

२०१३।७।१५।४

आज्ञाले—
नयनबहादुर खत्री क्षेत्री
सेक्रेटरी—
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

 अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।